# सुकुना बहुमुखी क्याम्पस

## सुन्दरहरैचा -१२, मोरङ

समुदाय स्वास्थ्य कार्यक्रम अर्न्तगत

## "रक्तचाप परिक्षण कार्यक्रम"

२०८० को प्रतिवेदन


**तयारकर्ता**

कोपिला पोखरेल

प्राथमिक उपचार एकाइ

सुकुना बहुमुखी क्याम्पस



**प्रस्तुत**

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैचा -१२, मोरङ

२०८०

# परिचय

मिति २०८० साल पुस १३ गते शुक्रवारका दिन सुकुना बहुमुखी क्याम्पसको प्राथमिक उपचार एकाइको सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तर्गत रहेर सुन्दरहरैचा वडा नं. १२ मा अवस्थित सुकुम्वासी बस्तीमा गई सो स्थानका ४० वर्षमाथिका आमाबुबा , दिदिबहिनीहरुको रक्तचाप परिक्षण गरी रक्तचापको अवस्था र यसको बढी र घटी हुदा देखिने समस्याहरुको जानकारी प्रदान गरियो ।

## उदेश्यहरु :

यस कार्यक्रमको उदेश्यहरु निम्नअनुसार छन :

१. ४० वर्ष कटेका व्यक्तिहरुको रक्तचाप परिक्षण गर्ने ।
२. रक्तचाप सम्बन्धित सामान्य जानकारी प्रदान गर्ने ।
३. सुकुना बहुमुखी क्याम्पस र समुदायबिचको सम्बन्ध सुमधुर बनाउने ।

## कार्यक्रमको विवरण :

सुकुना बहुमुखी क्याम्पस प्राथमिक उपचार एकाइको सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तर्गत रहेर सुन्दरहरैचा १२ सुकुम्बासी टोलमा गई रक्तचाप परिक्षण कार्यक्रम सञ्चालन गरियो । सो कार्यक्रमका सभापति क्याम्पस प्रमुख श्री अर्जुनराज अधिकारीको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो । यस कार्यक्रममा सहायक क्याम्पस प्रमुख बलराम पोख्रेल, प्राथमिक उपचार एकाईका संयोजक खगेन्द्रराज दाहाल, शिक्षक मनिषकुमार थापा, स्वास्थ्य कर्मचारी कोपिला पोख्रेलको उपस्थिति रहेको थियो । सो कार्यक्रममा स्वागत मन्तव्य राख्दै क्याम्पस प्रमुख अर्जुनराज अधिकारीले रक्तचाप एक सामान्य कुरा नभइ यसले जटिल समस्या देखाउन सक्ने भएकाले सम्पुर्ण व्यक्तिहरु सचेत भइ समय समयमा रक्तचाप परिक्षण गर्नका लागी आग्रह गर्नुभएको थियो ।


यस कार्यक्रममा समुदायका करिव ५० जना व्यक्तिहरुको रक्तचाप परिक्षण गरी आवश्यक सल्लाह प्रदान गरिएको थियो । यसरी कार्यक्रम सफलतापुर्वक सम्पन्न गरिएको थियो ।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८


## निष्कर्ष :

सो स्थानका मानिसहरु अशिक्षित साथै आर्थिक अवस्था समेत कमजोर भएकाले गर्दा रक्तचाप परिक्षण गर्नु पर्छ भन्ने समेत ज्ञान नभएको पाइयो । सो स्थानमा पिछडीएको समुदायको बसोबास भएकाले यस्ता स्वास्थ्य सग सम्बन्धित कार्यक्रम बेला बेलामा राख्न समेत सो स्थानका व्यक्तिहरुको आग्रह समेत गर्नुभएको थियो ।








सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८




सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८